# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ०८**

मिति २०८०।०४।३२

## छलफल तथा निर्णय

**निर्णयहरु**

१. मिति २०८०।०४।२९ गते समितिले गरेको अनुगमनबाट प्राप्त बस्तुस्थिति र प्रकोपबाट क्षतिग्रस्त समग्र प्रदेशको वन, पर्यटन, वातावरण र उद्योगका क्षेत्रमा भएको क्षतिको विवरण र विपदबाट हुने क्षति न्युनिकरणका लागि मन्त्रालयस्तरबाट भएका कार्यहरुको विवरण, मन्त्रालयको भावी योजना र विपदका सम्बन्धमा प्रदेश सरकारले थालेका कार्यहरुसँग सम्बन्धित रहेर समितिका ज्येष्ठ सदस्यज्यूको अनुमतिले समितिका सदस्यहरुले पालैपालो आफ्ना जिज्ञासाहरु छलफलमा राखेपश्चात उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका माननीय राज्यमन्त्री र सचिवले समितिका सदस्यहरुले उठान गर्नुभएका जिज्ञासाहरुको जवाफ दिनुभयो ।

२. सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १४८ बमोजिम अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालयहरुले तय गरेका नीति कार्यन्वयनका लागि सुदूरपश्चिम प्रदेश सभाबाट हालसम्म बनेका ऐन, कानुनको अधीनमा रही मन्त्रालयबाट निर्माण गरिएका सम्पुर्ण नियमावली/निर्देशिका/कार्यविधि/मापदण्डहरुको १५/१५ प्रति यथाशिघ्र उपलब्ध गराउनका लागि पत्राचार गर्ने निर्णय गरियो ।

३. चालु आ.व. ०८०/०८१ को बार्षिक बजेट कार्यान्वयन के कसरी हुँदैछ ? प्रदेश सरकारले अवलम्वन गरेको नीति अनुरुप खर्चको मापदण्ड के कसरी तय भएको छ ? सो सम्बन्धमा समिति समक्ष जानकारी गराउनका लागि सुदूरपश्चिम प्रदेशको आर्थिक मामीला मन्त्रालयका माननीय मन्त्री र सचिवलाई मिति २०८०।०५।०३ गते दिउँसो ३:०० बजे बस्ने समितिको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।